लुम्बिनी प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

राप्ती उपत्यका (देउखुरी ), नेपाल

**संचार माध्यम सूचिकृत गर्ने सम्बन्धमा म्याद थप भएको सूचना**

प्रकाशित मिति : २०८१।०९।२३

लुम्बिनी प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम मा समावेश प्रदेशमा सूचिकृत र आबद्ध सञ्चार माध्यमहरुलाई प्रकाशन/प्रशारण सहकार्य अनुदान वितरण गर्नको लागि मिति २०८१ मंसिर २४ गतेको मा.मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत "सञ्चार माध्यमहरुलाई कार्यक्रम उत्पादन, प्रशारण अनुदान वितरण कार्यविधि २०८१" बमोजिम कागजातहरु संलग्न गरि सूचिकृत हुन मिति २०८१ मंसिर २६ गते सूचना आह्वान गरेकोमा मिति २०८१ पुष २३ गते बसेको संचार माध्यम सूचिकृत समितिको निर्णयानुसार उक्त सूचनाको म्याद थप गरि पौष मसान्त सम्म गराईएको ब्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

**टेलिभिजन र रेडियोहरुले सूचिकृत हुँदा निम्न बमोजिमका कागजातहरुको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।**

(क) संचारमाध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि (नविकरण समेत) को प्रमाणित प्रतिलिपी,
(ख) विधान/प्रबन्धपत्र वा सोही बमोजिमको कागजातको प्रमाणीत प्रतिलिपि,
(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी वा म्याद थपको प्रमाणित प्रतिलिपि,
(घ) इजाजतपत्रको नविकरणको प्रमाणीत प्रतिलिपि ,
(ङ) सञ्चारको क्षेत्रमा कम्तीमा ५ जनालाई नियमति रुपमा रोजगारी प्रदान गरको खुलाउने कागजात,
(च) कभरेज एरिया, प्रकाशन र वितरणको संख्या विवरण खुलाउने कागजात ,
(छ) लाभान्वित हुने अनुमानित जनसंख्याको विवरण ,
(ज) श्रमजीवी पत्रकार सम्बन्धी ऐन र नियमहरु पालना गरेको स्वघोषणा पत्र,
(झ) स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि,
(ञ) संचालकको नाम ठेगाना र सम्पर्क नम्बर सहितको विवरण,
(ट) आचार संहिता उल्लंघन गरि कारवाही नपरेको स्व:घोषणा ।

**अनलाईन संचार माध्यमहरुले सूचिकृत हुँदा निम्न बमोजिमका कागजातहरुको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।**

क) सूचना विभागमा दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
ख) संस्था भएमा संस्था दर्ता प्रमाणपत्र, नविकरण, प्रबन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि,
ग) व्यक्ति वा संस्थाको संचालक तथा सम्पादकको नाम थर, ठेगाना, फोन नं र नागरिकताको प्रमाणित प्रतिलिपि,
घ) स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि,

E-mail: moial@lumbini.gov.np



रेखा कँडेल
प्रदेश सचिव

ङ) पत्रिकावाट अनलाईन दर्ता गरेको हकमा नियमित पत्रिका प्रकाशन भएको खुल्ने कागजात,

च) बेवसाईट डोमेन दर्ता वा नविकरण गरेको गरेको प्रमाणपत्रको प्रतिलिपि,

छ)अघिल्लो आर्थिक बर्षको कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा म्याद थपको प्रमाणित प्रतिलिपि,

ज) प्रेस काउन्सिलमा सूचिकृत भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

झ) संचालकको नाम ठेगाना र सम्पर्क नम्बर सहितको विवरण ।

**छापा माध्यमहरु (पत्रपत्रिका) सूचिकृत हुँदा निम्न बमोजिमका कागजातहरुको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ**

क) प्रचलित कानून बमोजिम संस्था र प्रत्रपत्रिका दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

ख) स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि,

ग)प्रेस काउन्सिलबाट भएको पछिल्लो वर्गिकरणमा परेको प्रमाणको प्रमाणित प्रतिलिपि,

घ)नियमित प्रकाशन भएको सम्बन्धमा जिल्ला हुलाक कार्यकलयबाट जारी भएको सिफारिस पत्र,

ङ)संचालकको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण,

च)अघिल्लो आर्थिक बर्षको कर चुक्ताको प्रमाणित प्रतिलिपि वा म्याद थपको प्रमाणित प्रतिलिपि,

छ)श्रमजीवि पत्रकार सम्बन्धी ऐन र नियमहरुको पालना गरेको स्व:घोषणा,

ज)आचार संहिताको उल्लंघन गरी कारवाहीमा नपरेको स्व:घोषणा,

**द्रष्टव्य:**

कागजातको प्रमाणित प्रतिलिपि पेश गर्दा सञ्चार माध्यमको छाप र सम्बन्धित संचार माध्यमको प्रमुखलले प्रमाणित गरेको हुनुपर्नेछ । तोकीयको म्यादभित्र सूचिकृत हुन निवेदन पेश नगरेमा त्यस्ता सञ्चार माध्यमहरुलाई अनुदानमा समावेश गरिने छैन । थप जानकारीको लागि यस सूचना सँग सम्बन्धित कार्यविधि मन्त्रालयको वेवसाइट moial.lumbini.gov.np मा हेर्न सकिने छ ।सूचिकृत हुनको लागि पेश गर्नुपर्ने आवेदनको ढाँचा "सञ्चार माध्यमहरुलाई कार्यक्रम उत्पादन प्रशारण अनुदान कार्यविधि २०८१" को अनुसूचि वमोजिम हुनेछ ।

रेखा कँडेल
प्रदेश सचिव